कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३३१ | वि.सं. २०८१ चैत ११ सोमवार | नेपाल संवत्: ११४४, चैत कृष्ण दशमी | Monday 24 March 2025 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## भेरी–बबई डाइभर्सनको भौतिक प्रगति ८३ प्रतिशत

**रमेश रावल**
**सुर्खेत, १० चैत ।**

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको भेरी बबई डाइभर्सन आयोजनाको हालसम्मको प्रगति विवरण ८३ दशमलव ७ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८०/०८१ को दोस्रो त्रैमासिकसम्म भौतिक प्रगति ८३ दशमलव ७ प्रतिशत र वित्तिय प्रगति ११६ दशमलव ९३ प्रतिशत रहेको छ । सुर्खेतको भेरीगंगा नगरपालिका-११ स्थित चिप्लेस्थित भेरी नदीमा बाँध बाँधेर १२.२ किलोमिटर सुरुङमार्फत भेरीको पानी सुर्खेत र बर्दियाको सिमानास्थित बबई नदीमा खसाली ४६ मेगावाट विद्युत उत्पादन गर्ने योजनासहित काम भइरहेको छ ।

आयोजनाले बाँके र बर्दियाको करिब ५१ हजार जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य छ । ३३ अर्ब १९ करोड ६६ लाख लागत अनुमान गरिएको आयोजनामा अहिलेसम्म १६ अर्ब ९६ करोड रुपैयाँ खर्च भएको छ । अहिले बाँधस्थल चिप्लेमा बाँधका ६ वटा 'वे' मध्ये २ वटाको ढलान, ग्राभल ट्रिप, फारवे, लिफ्ट बैंक गाइट वाल लगायतका संरचनाहरुको निर्माण कार्य भएको छ ।



त्यस्तै, सर्ज साफ्ट निर्माण स्थलमा स्लोभ स्टभविलाइजेसन गर्ने कार्य सम्पन्न भई साफ्ट खन्न ग्रान्टी क्रेन राखेर कलर बिम ढलान भई साफ्ट खन्न सुरु भएको आयोजनाका सूचना अधिकारी पवन अधिकारीले बताए । 'पावर हाउस निर्माणस्थलमा उल्खलनको काम करिब ९५ प्रतिशत सम्पन्न भएको छ,' उनले भने,' कोफर्डम निर्माण गरी बाटो डाइभर्सन गरिएको छ ।'

आयोजनास्थलका स्लिपवेको वे एक र दुईको स्टिल लाइनको काम सम्पन्न भई हाइड्रोमेकानिकल सम्बन्धि अंधिकाश डिजाइन स्वीकृतीको चरणमा रहेको सूचना अधिकारी अधिकारीले जानकारी दिए । '३ वटा ड्राफ्ट टुयुव फिल्डमा आइसकेको छ,' उनले भने, 'इलेक्ट्रोमेकानिकल सम्बन्धि ट्रान्सफर्मर-३, ट्रवाइन रनर एक लगायतका सामान पनि आइसकेका छन् ।' विद्युत प्रसारण लाइन सम्बन्धि सम्भौता भइसकेको र विद्युत लाइनको सम्बन्धि अध्ययन तथा इआइए अध्ययनको सम्भौता भइसकेको आयोजनाले जनाएको छ ।

त्यस्तै, आयोजनालाई चाहिने ३३ हेक्टर जग्गामध्ये गत आर्थिक वर्षमा १०.५९ हेक्टर जग्गा प्राप्तिका लागि सूचना प्रकाशन भई जग्गाको स्वामित्व एकिन गर्ने कामसमेत सम्पन्न भएको जनाइएको छ । ६.५३ हेक्टर जग्गाको मुआब्जा रकम भुक्तानी भएको र बाँकी प्रक्रियामा रहेको सूचना अधिकारी अधिकारीले बताए । स्थानीयहरुले पटक-पटक स्थानीयस्तरमा सिर्जना हुने अवरोधका कारण आयोजनाले गति लिन नसकेको आयोजनाले जनाएको छ । छुट भएका ऐलानी जग्गा तथा उक्त जग्गामा निर्मित संरचनाको क्षतिपुर्तिका सम्बन्धमा स्थानीयहरुबाट आयोजनामा निवेदन पेश भई प्रक्रिया अघि बढेको आयोजनाले जनाएको छ ।

त्यस्तै, ऐलानी जग्गा प्राप्तिका सन्दर्भमा स्पष्ट नीति तथा कार्यविधिको अभाव रहनुको साथै ऐलानी जग्गाको स्वामित्व परिवर्तनले प्रक्रियागत जटिलता थपिने गरेको अधिकारीले बताए । आयोजनामा कार्यरत कर्मचारीहरुको उत्प्रेरणा जगाउने कारकहरुको अवलम्वन र मनोबल बढाउने वृत्ति विकास, उचित तालिमको व्यवस्थापनमा ध्यान नपुगेको आयोजनाले जनाएको छ ।

पावर हाउस निर्माण हुने बबईको बायाँ किनारा बस्तीबाट निर्माणस्थलमा भएको अवरोध फुकाउन केही भूभागमा हाल कायम सिभिल निर्माण कार्यको ठेक्काबाट तथा अन्य भूभागमा नयाँ ठेक्काबाट निर्माण कार्य अगाडी बढाइ स्थानीयवासीहरुको माग सम्बोधन गरिएको सूचना अधिकारी अधिकारीले जानकारी दिए ।

निर्माण व्यवसायीलाई आवश्यक दक्ष जनशक्ती, यन्त्र उपकरण तथा निर्माण सामाग्रीहरु लगायतको उचित व्यवस्थापनमा जोड एवं निर्देशनका साथै आवश्यक समन्वय गरिएको उनको भनाई छ । जग्गा प्राप्ति प्रक्रियामा विभिन्न समस्याहरु आउने गरियता पनि सहजीकरण गर्न स्थानीय प्रशासन लगायत सम्बन्धित निकायहरुसँग समन्वय गर्दै आयोजना अघि बढिरहेको छ । ऐलानी जग्गाको हकमा पेश भएको प्रस्ताव स्वीकृत भएको र हाल कार्यान्वयनको चरणमा रहेको आयोजनाले जनाएको छ ।

> "२० कात्तिक २०७४ देखि सुरु भएको सुरुङ निर्माणको काम १५ चैत २०७६ मा सक्ने सम्भौता थियो ।

### निर्माणको काम बिलम्ब

सरकारले आर्थिक वर्ष २०६८/०६९ देखि सुरु गर्ने भनिएको आयोजना २०७१/७२ मा मात्र सुरु भएको थियो । पहिलो चरणमा २०७६ चैत १५ सम्म सुरुङ निर्माण गर्ने गरी चाइना ओभरसिज इन्जिनियरिङ ग्रुप (कोभेक) लाई जिम्मा दिइएको थियो । तर, कम्पनीले करिब १२.२ किलोमिटर लामो सुरुङ आफूलाई दिएको म्यादअघि नै सम्पन्न गरेको थियो । ३ वैशाख २०७६ मा प्रधानमन्त्री केपी शर्मा ओलीले सुर्खेतको भेरीगङ्गा-११ स्थित चिप्लेमा १२ किलोमिटर सुरुङको 'ब्रेक थ्रु' गरेका थिए । अत्याधुनिक प्रविधिको प्रयोगमार्फत तोकिएको मितिभन्दा एक बर्षअगावै सुरुङको ब्रेक थ्रु भएर चर्चा कमाएको आयोजनाको दोस्रो चरणको काम भने धिमा गतिमा चलिरहेको छ ।

आयोजनाका लागि चालु आर्थिक वर्षका लागि एक अर्ब ७७ करोड छुट्याइएकोमा हालसम्म ४६ करोड रुपैयाँ मात्र खर्च भएको आयोजनाका प्रमुख रणबहादुर बमले बताए । अहिलेसम्म आयोजनामा ६६ प्रतिशत भौतिक प्रगति भएको छ । आयोजनास्थलमा दैनिक एक सय ५० जनाले काम गरिरहेको उनले जानकारी दिए । २० कात्तिक २०७४ देखि सुरु भएको सुरुङ निर्माणको काम १५ चैत २०७६ मा सक्ने सम्भौता थियो । यद्यपि, नेपालमा पहिलो पटक प्रयोगमा ल्याइएको टनेल बोरिङ मेसिन (टीबीएम) को सहायताले एक वर्षअगावै सुरुङ निर्माण सम्पन्न भएको थियो ।

## ट्याङ्करको ठक्करबाट दुई बालकको मृत्यु

**सरला सुवेदी**
**बाँके, १० चैत ।**

बाँकेको डुडुवा गाउँपालिका वडा नम्बर २ बेतहनीमा आइतबार अपराह्न ट्याङ्करको ठक्करबाट दुई बालकको ज्यान गएको छ । भे १ ख ४१०७ नम्बरको पानी बोक्ने ट्याङ्करले ठक्कर दिँदा स्थानीय विशाल गोडिया र शिवकुमार गोडियाको घटनास्थलमै मृत्यु भएको हो ।

स्थानीयका अनुसार दुबै जना बेतहनीस्थित नौरीगढी एकेडेमीमा एल.के.जी. मा अध्ययनरत सहोदर दाजुभाइ थिए । स्कुलबाट घर फर्किने क्रममा बेतहनी चोकमा ट्याङ्करले उनीहरूलाई ठक्कर दिएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । ठक्करपछि उनीहरू सडकमा लडेका थिए र त्यसपछि ट्याङ्करले किचेको स्थानीयले जानकारी दिएका छन् ।

दुर्घटनापछि स्थानीय बासिन्दा आक्रोशित बनेका छन् । आक्रोशित भीडले ट्याङ्करमा आगजनी गरेका छन् भने प्रहरी चौकी बेतहनीलाई समेत घेराउ गरेका छन् । स्थानीयले चालकलाई लुकाइएको आरोप लगाउँदै प्रदर्शन गरेका छन् । स्थिति नियन्त्रणमा लिन प्रहरीले दर्जनौं सेल अश्रुग्यास प्रहार गर्नुका साथै हवाई फायरसमेत गरेको छ । स्थानीयले बालकहरूको शव सडकमा राखेर प्रदर्शन गरिरहेका छन् ।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता डिएसपी दीपक पातलीका अनुसार घटना पश्चात् अवस्था तनावग्रस्त बनेको छ । "अहिले स्थिति नियन्त्रण बाहिर जानसक्ने अवस्था छ । हामी शान्ति सुरक्षा कायम गर्न हरसम्भव प्रयास गरिरहेका छौं, "डिएसपी पातलीले जानकारी दिए । स्थानीय बासिन्दाले दोषी चालकलाई कडा कारबाहीको माग गर्दै प्रदर्शनलाई निरन्तरता दिएका छन् । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## कर्णाली प्रज्ञा प्रतिष्ठान बन्ने

**युग संवाददाता**
**सुर्खेत, १० चैत ।**

कर्णालीको भाषा, साहित्य, कला तथा संस्कृतिको अध्ययन अनुसन्धान र संरक्षण गर्न कर्णाली प्रज्ञा प्रतिष्ठान सम्बन्धी गठन हुने भएको छ । नेपाली भाषाको उद्गमस्थानको रुपमा रहेको जुम्ला जिल्लाको सिंजामा खस भाषा र संस्कृतिसँग सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धान गर्नका लागि प्रज्ञा प्रतिष्ठानको गठन हुने भएको हो ।

सामाजिक विकास मन्त्रालयले आयोजना गरेको आर्थिक वर्ष २०८१/८२ कार्यक्रम प्रगति समीक्षा गोष्ठीमा सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले कर्णाली प्रज्ञा प्रतिष्ठान बनाउनका लागि काम अघि बढेको बताएका हुन् ।

आर्थिक वर्ष २०८१/०८२ मा आवश्यक बजेट विनियोजन व्यवस्था भएको र कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न विधेयक तर्जुमा भै स्वीकृतको क्रममा रहेको मन्त्री घनश्याम

बाँकी २ पेजमा

## 'जनअपेक्षा बमोजिम निर्णय गर्नुपर्छ'

**युग संवाददाता**
**सुर्खेत, १० चैत ।**

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले जनअपेक्षा अनुसार निर्णय गर्न र प्रक्रिया अगाडी बढाउन सचिवहरूलाई निर्देशन दिएका छन् । आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्यका बुँदा तथा बजेट कार्यान्वयनको अवस्था सम्बन्धी छलफल कार्यक्रममा बोल्दै मुख्यमन्त्री कँडेलले लेखिएका कानूनी कुरामात्रै देखाएर काम रोक्ने वातावरण गर्न नहुने बताएका हुन् ।

स्वच्छ नियत राखेर गरिएका कामहरू सञ्चालनका लागि सहयोग गर्नुपर्ने र दिन बिताउने कुराको छुट नभएको बारेमा मन्त्रीहरूलाई ध्यानाकर्षण गराउँदै जिम्मेवारी पाएको बेला गम्भिरतापूर्वक कार्य गर्नुपर्ने सुझाव दिए । 'मन्त्रालयको कार्यक्षेत्र र योजनाको प्रकृति अनुरूप जिल्ला र क्षेत्रका आधारमा सन्तुलन कायम गरेर योजना निर्माण गर्दा उपलब्धी र कार्यसम्पादनमा फड्को मार्न सकिन्छ,' उनले भने, 'आर्थिक अनुशासन कायम गर्ने निकायको रूपमा रहेको आर्थिक मामिला तथा योजना मन्त्रालयले स्वीकृत बजेट कार्यान्वयनमा लिने, भुक्तानी समयमा दिने कार्य गर्नु जिम्मेवारी

बाँकी २ पेजमा



## सम्पादकीय....

# औद्योगिक ग्राम निर्माणमा ध्यान देऊँ !

संघीय सरकारले २०७६ मा औद्योगिकरणलाई प्रोत्साहन गर्न देशका विभिन्न स्थानीय तहमा १० औद्योगिक ग्राम निर्माणको घोषणा गऱ्यो । सरकारको उक्त घोषणा अनुरुप बार्षिक नीति, कार्यक्रम तथा बजेटमा यो विषय निरन्तर समावेश हुँदै आएको छ । स्थानीयस्तरमा स्थापना हुन सक्ने उद्योगहरुलाई बढावा दिन प्रस्ताव गरिएका ग्रामले स्थानीय स्थरमा उत्पादन हुने जडीबुटी तथा फलफुल प्रशोधनजन्य उद्योगलाई प्रवर्द्धन गर्ने सरकारी लक्ष्य छ । औद्योगिक ग्राम स्थापना गर्दा छरिएर रहेका स-साना व्यवसायलाई एकै छातामुनी ल्याएर व्यवसायको प्रवर्द्धनसँगै स्थानिय तथा राष्ट्रियस्तरमा आर्थिक क्रियाकलापमा बृद्धी गरी समग्र देशको अर्थतन्त्र सबल बनाउने सरकारी अपेक्षा छ । सोही बमोजिम तत्कालिन समयमा देशका विभिन्न १० स्थानमा संघीय सरकारले औद्योगिक ग्राम बनाउने योजना अघि बढाएको थियो । यसका लागि आवश्यक बजेटको प्रवन्धसमेत गरिएको थियो । तर, छरिएर रहेका उद्योगलाई एकै स्थानमा समेटी स्थानीय स्रोत साधन, कच्चा पदार्थ, प्रविधि र सीप प्रयोग गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने उद्देश्यले निर्माण गर्ने भनिएका औद्योगिक ग्रामको योजना भने अलपत्र अवस्थामा छ ।

औद्योगिक ग्राम स्थापनामा सरकारी ढिलासुस्तीले योजना ल्याउने तर कार्यान्वयन नगर्ने बिगतकै प्रवृत्तिले निरन्तरता पाइरहेको छ । अदुरदर्शी राजनीतिक नेतृत्व, जवाफदेही कर्मचारीतन्त्रका कारण देशले आर्थिक विकासमा फड्को मार्न सकेको छैन । नेपालको आर्थिक समृद्धिमा औद्योगिकीकरण अपरिहार्य छ । तर, औद्योगिक विकासको अपेक्षित गति अझै प्राप्त हुन सकेको छैन । यसका लागि राज्यले विशेष नीति अवलम्बन गरी औद्योगिक ग्राम निर्माणलाई प्राथमिकता दिइनुपर्ने हो । त्यसो हुन सकेको अवस्था छैन । औद्योगिक ग्रामहरू विकास गर्नुको प्रमुख उद्देश्य उत्पादनलाई प्रवर्द्धन गर्नु, रोजगारी सिर्जना गर्नु र आर्थिक वृद्धिलाई तीव्र बनाउनु हो । जब उद्योगहरू एकीकृत स्थानमा स्थापना गरिन्छन्, तिनले आवश्यक पूर्वाधार, सुलभ कच्चापदार्थ, दक्ष जनशक्ति र आधुनिक प्रविधिको पहुँच पाउँछन् । यसले उद्योगहरूको उत्पादनशीलता बढाउँछ र प्रतिस्पर्धात्मक क्षमतामा सुधार ल्याउँछ । नेपालमा औद्योगिक ग्रामहरूको विकास सुस्त गतिमा भइरहेको छ ।

राज्यले पूर्वाधार निर्माण, नीतिगत स्पष्टता, लगानी प्रोत्साहन तथा कर सुविधाहरू उपलब्ध गराएर लगानीकर्ताहरूलाई आकर्षित गर्न आवश्यक छ । साथै, स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्ने गरी औद्योगिक ग्रामहरू विकास गरिनुपर्छ । कृषि, पर्यटन, सूचना प्रविधि, जलविद्युत् जस्ता क्षेत्रलाई समेटेर स्थानअनुसार औद्योगिक ग्रामहरूको निर्माण गर्न सकिन्छ । औद्योगिक ग्रामहरू प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा आर्थिक वृद्धिमा अवरोध आएको विषय नकार्न सकिदैन । यसका लागि सरकार, निजी क्षेत्र र स्थानीय समुदायबीच सहकार्य आवश्यक छ । उद्योग स्थापनासँगै वातावरण संरक्षण, सामाजिक उत्तरदायित्व तथा स्थानीय जनताको सहभागिता सुनिश्चित गर्नुपर्छ । यसर्थ, अब ढिलाई नगरिकन सरकार र सम्बद्ध निकायहरूले औद्योगिक ग्राम निर्माणलाई प्राथमिकतामा राख्नुपर्छ । योजनाबद्ध र दीर्घकालीन सोचका साथ अघि बढे मात्र समर्ग देशको औद्योगिक विकासले सही मार्ग समाउन सक्छ । यसमा तीनै तहका सरकारहरुको समन्वय र सहकार्यको खाँचो छ ।

# वन पैदावार उपयोग नहुँदा बढ्दै डढेलोको जोखिम

✍ **हरिप्रसाद बाँस्तोला/रासस**



हिउँदे वर्षाको कमी, बढ्दो तापक्रम र वन पैदावारमा आधारित उद्यम सञ्चालन हुन नसक्दा मुलुकमा वन डढेलोको जोखिम बढ्दै गएको छ । वन क्षेत्रमा रहेका ज्वलनशील पदार्थ उपयोग नहुँदा डढेलोको जोखिम बढेको हो ।

वन क्षेत्रको घाँस, दाउरा, काठलगायत वन पैदावार उपयोग नहुनु र चरिचरणको अभावमा जङ्गलमा पातपतिङ्गर तथा झाडी थुप्रिँदै जाँदा वन डढेलोको जोखिम प्रत्येक वर्ष बढ्दै गएको छ । डढेलोले वन्यजन्तु, बोटबिरुवा, वनस्पति, जडीबुटी र काठ दाउर ासहित जैविक तथा पर्यावरणीय क्षति बढ्दै गएको छ ।

सरकारी पक्षको उदासिनता, कानुनी अस्पष्टता, जलवायु परिवर्तन, परम्परागत ज्ञान प्रयोगमा कमी जस्ता कारणले मुलुकमा वन डढेको प्रकोप निरन्तररुपमा बढ्दै गएको हो । वन डढेलोको मुख्य कारण मानवीय लापरबाही नै हो । वन क्षेत्रमा खनिएका सडकका यात्रीले प्रयोग गरेका प्रज्वलनशील पदार्थ, चुरोट बिँडी खाएर फालेका ठुटा, स्थानीय बासिन्दाले निजी जग्गामा पोलिएका सोत्तरका कारण सल्किएको सानो झिल्कोले सिङ्गो वन, जङ्गली जनावर एवं चराचुरुङ्गीको बासस्थान नष्ट हुनुका साथै मानवबस्तीसमेत सखाव भएका घटना घटने गरेका छन् ।

लामो समय वर्षाको अभावका कारण जोखिमयुक्त सिजन नआउँदै देशका विभिन्न क्षेत्रमा डढेलो लागेको खबर आउन थालिसकेका छन् । यस वर्ष हिमाल पारिको जिल्ला मनाङमा माघको अन्तिम हप्तामासमेत जङ्गलमा आगो लागेको घटनाले थप चुनौती उत्पन्न भएको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत पर्ने सो क्षेत्रमा सल्लाको काठ, पातपतिङ्गरले गर्दा आगो नियन्त्रण गर्न चुनौती भएको थियो । सुक्खायाम र हावाहुरी चल्ने मौसमले गर्दा पनि आगो बढेको हो । डढेलोले वनआलु, लौठसल्ला, जटामसी, पाँचऔंले, गुची च्याउलगायत जडीबुटीजस्ता खाद्यान्न तथा बहुमूल्य जडीबुटी सङ्कटमा पर्दै गएका छन् ।

अघिल्लो वर्ष कास्कीको अन्नपूर्ण गाउँपालिकामा एक जनाको आगो नियन्त्रणका क्रममा ज्यान गएको थियो । जङ्गलमा फैलिएको आगोबाट बास जोगाउन खोज्दा ज्येष्ठ नागरिकको श्वास रहेन । कास्कीमा वनमा आगो लगाउने एक जनालाई डिभिजन वन कार्यालय र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत तीन जनालाई पक्राउ गरी धरौटीमा छोडिएको थियो । प्रत्येक वर्ष खर्बौं रुपैयाँ बराबरका काठ, काठजन्य सामग्री, आल्मोनियम, फलाम र युपिभिसीजस्ता सामानको आयात वृद्धि हुनु र मुलुकको वन पैदावार कुहिएर र सडेर खेर जानुका साथै वन क्षेत्रमा झाडी बढ्दा सुक्खा मौसममा आगलागीको जोखिम बढ्दै गएको छ । वन डढेलोका कारण वातावरणीय र मानव स्वास्थ्यमा जटिल समस्या सिर्जना भएको विगतले देखाएको छ ।

मुलुक सङ्घीय संरचनामा गएसँगै गठित प्रदेश सरकारले सामुदायिक वन समूहलाई थोपारेको करले उपभोक्तामा वनको संरक्षणप्रति दिनप्रतिदिन नैराश्यता बढ्दै जानु, जङ्गली जनावारले उठिबास गराउँदा ग्रामीण क्षेत्रमा कृषिलगायत विभिन्न व्यवसाय गरेर जीविकोपार्जन गर्ने स्थानीय बासिन्दा पछिल्लो समय गाउँ छोड्न बाध्य भएका छन् । सगरमाथा, बुद्धजन्म भूमि र पछिल्लो समय नेपाल विश्वसामु सामुदायिक वनको देशका रुपमा परिचित भएको छ । उपभोक्ताको पहलमा संरक्षण, सम्वर्द्धन र विकासमा महत्वपूर्ण भूमिका रहे पनि त्यसबाट स्थानीय र राज्यले कुनै पनि उपलब्धि हासिल गर्न नसक्दा बेल पाकेर कागलाई हर्षन विस्मात जस्तै भएको छ ।

वन तथा भू-संरक्षण विभागका अनुसार विसं २०७० वैशाखदेखि २०७९ चैतसम्म १८ हजार सात सय ९१ वटा आगलागी तथा वन डढेलोका घटना घटेका थिए । त्यस अवधिमा आगो नियन्त्रणमा परी सात सय ६९ को ज्यान जानुका साथै दुई हजार पाँच सय ६८ जना घाइते भएका छन् । सो अवधिमा २२ अर्ब २३ करोडभन्दा बढीको क्षति भएको तथ्याङ्कमा उल्लेख छ । तथ्याङ्कअनुसार भू-उपग्रहबाट 'रेकर्ड' गरिएको विवरणअनुसार २०० साल मङ्सिरदेखि चैत १३ गतेसम्म देशभर एक हजार १९६ स्थानमा डढेलो लागेको थियो । डढेलो लागेको जङ्गलमध्ये डिभिजन वन कार्यालयअन्तर्गत रहेका आठ सय आठ र संरक्षित क्षेत्रअन्तर्गतका तीन सय ८ वटा थियो ।

संरक्षित क्षेत्रतर्फ सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्ज र सीमावर्ती क्षेत्रमा एक सय १३ र सबैभन्दा कम रारा राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रको तीन स्थानमा मात्र वनडढेलो लागेको थियो । त्यसैगरी बागमती प्रदेशमा दुई सय ७८ स्थान सबैभन्दा बढी र लुम्बिनी प्रदेशमा सबै भन्दा कम ४१ स्थानमा डढेलो लागेको विभागले जनाएको छ ।

वन तथा भूसंरक्षण विभागका अनुसार नेपालमा बर्सेनि दुई लाख हेक्टरभन्दाबढी वन क्षेत्रमा डढेलो लाग्दा वार्षिक दुई अर्ब रुपैयाँभन्दा बढीको प्रत्यक्ष क्षति हुने गरेको अनुमान छ । विशेष गरी नेपालमा ८० प्रतिशत भन्दाबढी डढेलो फागुनदेखि वैशाखसम्म लाग्ने गरेको छ । लामो खडेरी, हावाहुरी र अत्यधिक गर्मीका कारण उक्त अवधिमा डढेलोको जोखिम बढ्ने गरेको यस क्षेत्रका विज्ञको भनाइ छ ।

वनजङ्गलमा डढेलो लगाउनेलाई कारबाही हुने कानुनी व्यवस्था छ । वन ऐन, २०७६ मा राष्ट्रिय वनमा आगो लगाउने र आगलागी हुने कुनै कार्य गरेमा क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा रु ६० हजार जरिवाना अथवा दुवै सजाय हुनसक्ने व्यवस्था छ । समाजमा आगो लगाउनेको पहिचान गरी सूचना दिनेभन्दा पनि लुकाउने प्रचलन बढी छ । विशेषगरी आगो नियन्त्रणमा भन्दा आगो लग्न नदिन सम्पूर्ण सरोकारवाला सचेत हुनुपर्दछ । वनमा थुप्रिएका पातपतिङ्गर, झाडी, दाउरा, घाँसलगायत वन पैदावारको व्यवस्थापन गर्नु वर्तमानको आवश्यकता हो ।

वन पैदावारमा आधारित जैविक मल उत्पादन गर्नेखालका उद्यम, फर्निचर, जडीबुटी प्रशोधनलगायत वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्न तीनै तहका सरकार र स्थानीय उपभोक्ताले ध्यान दिनु अपरिहार्य छ । पोखरा महानगरपालिका १८ सराङकोटस्थित ठोट्ने खोला सामुदायिक वन उपभोक्ता समूहले वनको पातपतिङ्गर झाडी सफाइ अधियान सञ्चालन गरेको छ । जसबाट दैनिक २० जनाले रोगजार पाएका छन् भने सङ्कलित वन पैदावारबाट जैविक मल उत्पादन गर्ने तयारीमा समूह जुटेको छ ।

समूहले कच्चपदार्थको प्रतिकिलो रु दुईका दरले खरिद गर्दै आएको छ । जुन ठाउँ अहिले खोरिया फाँडेको जस्तो देखिन्छ । एकातिर मल उत्पादन हुने अर्कोतर्फ वनमा डढेलो नलाग्नुका साथै हरित रोजगार सिर्जनामा सहयोग पुग्ने यस्ता गतिविधि सबै वन समूहले अनुशरण गर्नुपर्ने आवश्यक छ । जसबाट वनडढेलो घटनुका साथै हरित रोजगार सिर्जनामा सहयोग पुग्दछ । मुलुकको समृद्धिमा टेवा पुग्दछ । आगलागी भइहालेमा 'फायर फाइटिङ' उपकरण तथा दमकललाई चुस्तदुरुस्त राख्नुपर्दछ । स्थानीय वन समूहले पनि डढेलोको मुख्य 'सिजन' तीन महिनाका लागि बढी निगरानी गर्नुपर्दछ । जसमा घर लौरो तथा कोषको रकम लगानी गरेर 'हेरालो'को व्यवस्था गर्न सकेमात्र वनजङ्गल जोगाउन सकिन्छ ।

वन क्षेत्रमा अग्निरेखा (फायर लाइन) निर्माण गर्नु अपरिहार्य छ । जसबाट आगो नियन्त्रणको पहिलो प्राथमिकता हो । वन डढेलोविरुद्ध सचेतीकरणतर्फ विपद् व्यवस्थापनमा आबद्ध तीनै तहका सुरक्षा निकाय, स्थानीय बासिन्दासँगै अत्यधिक सुविधायुक्त प्रविधिको उपयोगमा जोड दिनुपर्दछ ।

## विश्व

# इजरायलद्वारा गाजामा स्थलगत आक्रमण

**जेरुसेलम, १० चैत ।**

इजरायली सेनाले गाजापट्टीमा आइतबार स्थलगत अभियान चलाएको छ । हमास शासित क्षेत्रमा भएको आक्रमणको करिब एक हप्तापछि राफा सहरमा भएको आक्रमणबाट भाग्न सेनाले प्यालेस्टिनीहरूलाई आग्रह गरेको छ ।

लेबनानमा भएको घातक आक्रमण र यमनबाट क्षेप्यास्त्र प्रहार भएपछि इजरायली सेनाले गाजाका केही भागमा पुनः आफ्नो सैन्य बल तैनाथ गरेको हो । सैनिक प्रवक्ता अविचय अद्राईले एक्समा जारी गरेको वक्तव्यमा सेनाले दक्षिणी सहर राफाको एक जिल्लामा 'आतंकवादी संगठनहरूमाथि आक्रमण सुरु गरेको' बताएका छन् ।

एएफपी संवाददाताका अनुसार ड्रोनबाट उक्त क्षेत्रमा खसालिएका पर्चामा पनि लेखिएको सन्देशमा अद्राईले त्यहाँका प्यालेस्टिनीहरूलाई ताल अल-सुल्तान जिल्लाको 'खतरनाक लडाकु क्षेत्र' छोडेर उत्तरतर्फ जान आह्वान गरिएको छ ।

दक्षिणी गाजाको मुख्य सहर खान युनिसको एक परोपकारी भान्साघरमा १९ वर्षीया इमान अल-बर्दाविलले धेरै विस्थापित प्यालेस्टिनीहरूले 'खान र पिउने खर्च'को लागि संघर्ष गरिरहेको बताइन् ।

'हामी रमजानको महिनामा छौं । यो एक पवित्र महिना हो र मानिसहरू शरणार्थीका रूपमा यहाँ आउन बाध्य छन्,' आफूले वरपर देखेको पीडाप्रति दुःख व्यक्त गर्दै बर्दाविलले एएफपीसँग भनिन् ।

'म यहाँ बच्चाहरूका लागि चामल लिन आएको हुँ, तर त्यो काम नगरीकन भाग्न बाध्य बनेको छु,' बर्दाविलजस्तै उत्तरी गाजामा रहेको आफ्नो घर छोडेर भागेका सैद अबु अल-जिदयानले भने ।

**हमासका शीर्ष अधिकारीको मृत्यु**

आफ्नो नयाँ आक्रमणअघि इजरायलले मार्चको सुरुमा युद्धग्रस्त गाजामा मानवीय सहायताको प्रवेशमा रोक लगाएको थियो र बिजुली आपूर्ति कटौती गरेको थियो । यसले हमासलाई युद्धविरामको विस्तारका लागि इजरायली सर्तहरू स्वीकार गर्न र सन् २०२३ अक्टोबर ७ को आक्रमणपछि प्यालेस्टिनी लडाकुहरूले कब्जामा राखेका ५८ बन्धकहरूलाई मुक्त गर्न बाध्य पारेको थियो ।

इजरायलले आपूर्ति गरेको बिजुलीले गाजाको पानीको मुख्य स्रोत डिसेलिनेसन प्लान्टलाई सहयोग गर्छ र बिजुली कटौती गर्ने निर्णयले गाजाको २४ लाख मानिसहरूका लागि पहिले नै खराब अवस्थालाई बढावा दिएको छ ।

इजरायली सेनाले 'उत्तरी गाजाको बेइट हानुन क्षेत्रमा हमासका लडाकुलाई लक्षित गर्दै र उत्तरी गाजामा सुरक्षा क्षेत्र विस्तार गर्न' सेना परिचालन गर्न थालेको जनाएको छ ।

शुक्रबार रक्षामन्त्री इजराइल काट्जले गाजाको थप भूभाग कब्जा गर्न सेनालाई आदेश दिएको बताउँदै यदि हमासले गाजा युद्धविराममा अर्को कदम चाल्न इजरायलको मागलाई ध्यान नदिए इजरायलले गाजा कब्जा गर्न सक्ने चेतावनी दिएका थिए ।

हमासले इजरायलले पुनः बमबारी गरेर बन्धकहरूलाई 'बलि दिएको' आरोप लगाएको छ भने बन्दीका धेरै परिवारले पुनः युद्धविरामको माग गरेका छन् । जीवित रिहा भएकामध्ये अधिकांशले युद्धविरामको अवधिमा यस्तो गरेको भन्दै आक्रोश व्यक्त गरेका छन् ।

उत्तरी गाजामा आइतबार जारी गरिएको एक सैन्य वक्तव्यमा भनिएको छ, 'लडाकु विमानले हमासका कैयौं लक्ष्य र आतंकवादी संरचनास्थलमा आक्रमण गरेको छ ।'

## जनअपेक्षा...

भएकोले कार्यसम्पादनमा ख्याल आवश्यक रहेको छ ।'

रकमान्तरको अन्तिम समय पर्खिन नहुने आवश्यकताका साथ मन्त्रालय भित्रैबाट आन्तरिक कार्यहरू गर्नुपर्ने बताए । 'आर्थिक वर्ष सकिन अझै चार महिना बाँकी रहेको हुँदा तदारूक ताका साथ काम गर्नुपर्छ,' उनले भने,' जनताको पहलकदमी र सक्रियता बढाएपनि माग गरे बमोजिम योजना छनौंट नहुने भएकोले सोही अनुसारको मनोभावना सिर्जना गर्न आवश्यक रहेको छ ।' जनताको सेवा गर्ने सरकार भएकालेले सरोकार राख्ने कार्यालयले जनतालाई बुझाउनु पर्ने मुख्यमन्त्री कँडेलले बताए ।

## कर्णाली...

भण्डारीले बताए ।

'संवैधानिक अधिकार प्राप्त भए पनि अझै कर्णाली प्रदेशमा प्रज्ञा-प्रतिष्ठान गठन हुन सकेको छैन,' उनले भने,'कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना गर्ने र कर्णालीको संस्कृति संरक्षणका लागि सांस्कृतिक नीति निर्माण गर्ने र प्रतिष्ठानको संरचना तय गर्ने उद्देश्यले राखिएको छ ।'

खस भाषाको उद्गमस्थल कर्णाली प्रदेशको मौलिकता हराउँदै गएको र पुरातात्विक महत्त्वका सम्पदा, कला, संस्कृति र जनजीवनलाई जीवन्त राख्न, खोज अनुसन्धान गर्न प्रतिष्ठान स्थापना हुनु अनिवार्य भएको मन्त्री भण्डारीले बताए ।

'कर्णाली सभ्यताको इतिहास लेखन त्यसका भाषा,साहित्य ,संस्कृति, मानवशास्त्र र दर्शनआदि विविध पाटाहरुको अन्वेषण गरी इतिहास लेख्न, लेखाउन, नयाँ पिँढीलाई प्रेरित र प्रोत्साहित गर्ने लक्ष्य राखिएको छ,' उनले भने,' कर्णालीको भाषा, कला र संस्कृतिको अनुसन्धान गर्न प्रतिष्ठान आवश्यक रहेको छ ।'

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – व्यापार व्यवसायलाई लिएर यात्रा गर्नुपर्ला । विश्वास पात्रबाट धोखा मिल्ने सम्भावना छ सचेत रहनुहोस् ।

**वृष** – धार्मिक यात्राको रूपरेखा बन्नेछ । युवा वर्गहरूलाई राम्रो करियरको अवसर मिल्नेछ । सवारी साधनमा धन खर्चका योग छन् ।

**मिथुन** – साझेदारीमा नयाँ कार्य प्रारम्भ गर्न सक्नुहुनेछ । विद्यार्थी वर्गहरू आफ्नो प्रतिभाको प्रदर्शन गर्न सफल हुनुहुनेछ । प्रेम सम्बन्ध सुमधुर रहनेछ ।

**कर्कट** – अधिकारी वर्गहरू हजुरको कामबाट प्रसन्न हुनुहुनेछ । बच्चा र बुजुर्गहरूको स्वास्थ्यमा ध्यान दिनुहोस् । नोकरी वा पेशामा रुचिको कार्य मिल्नाले मन प्रसन्न रहनेछ ।

**सिंह** – कार्यक्षेत्रमा लक्ष्यको प्राप्तिको लागि संघर्ष गर्नुपर्ला। अँटेको कार्यसम्पादन हुनेछ । राजकीय मामलाहरू सुल्झिनाले राम्रो लाभ प्राप्त हुनेछ ।

**कन्या** – आकस्मिक लाभका अवसरहरू मिल्नेछन् । प्रतियोगी परीक्षामा सफलता मिल्ला । नोकरी वा पेशामा जोखिम हुने कार्यमा छिटै हात नहाल्नुहोस् ।

**तुला** – रुकिरहेको कार्यमा गति मिल्नेछ । धेर्य र पराक्रममा वृद्धि हुनेछ । प्रियजनसँगको भेटघाटले मनमा हर्ष उत्पन्न हुनेछ ।

**वृश्चिक** – कार्यक्षेत्रमा इष्टमित्रहरूको पुरा सहयोग मिल्नेछ । आफन्तहरूको साथमा रमाइलो समय बित्नेछ । संचित धनमा वृद्धि हुनेछ । सामाजिक दायित्व बढ्नेछ ।

**धनु** – तारिफ योग्य कामले लोकप्रियता दिलाउनेछ । कार्यक्षेत्रमा सानो प्रयासले राम्रो सफलता मिल्नेछ । प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ ।

**मकर** – भावुकतामा लिएका निर्णयहरूबाट समस्या निम्त्याउन सक्नुहुनेछ । घरपरिवारसँग मनोरञ्जनात्मक समय बित्नेछ । रोकिएको धन लिनमा सफलता पाइनेछ ।

**कुम्भ** – व्यक्तित्वमा निखार आउनेछ । कार्यक्षेत्रमा सम्मान बढ्नेछ । उद्योग व्यापारबाट विशेष फाइदा मिल्नेछ । सामाजिक सञ्जालमा नयाँ पद मिल्ने सम्भावना रहेको

**मीन** – कार्यक्षेत्रमा हजुरको प्रसिद्धि बढने छ । विद्यार्थीहरूलाई धार्मिक वा आध्यात्मिक अध्ययनमा रुचि बढ्नेछ । जीवनसाथीबाट उपहार मिल्न सक्ला ।

# भूकम्पले क्षतिग्रस्त प्रहरी भवन पुनर्निर्माण गरिँदै

**युग संवाददाता**
**जाजरकोट, १० चैत ।**

भूकम्पले क्षतिग्रत यहाँको जिल्ला प्रहरी कार्यालयको भवन पुनर्निर्माण गर्न लागिएको छ। गत वर्ष कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भई गएको भूकम्पले चर्किएर बस्न नमिल्ने भएपछि दातृ निकायको सहयोगमा पुनर्निर्माण गर्न लागिएको हो।

जनतालाई शान्तिसुरक्षा दिन जिल्लामा जिल्ला प्रहरी कार्यालयसहित ३३ वटा प्रहरी युनिट रहेका छन्। सात वटा स्थानीय तहमा रहेका प्रहरी युनिटका भवन निर्माणमा जनताले जग्गा चन्दा दिए पनि बजेट अभावमा भूकम्पले क्षतिग्रस्त माटो, ढुङ्गाका कच्ची भाडाका घरबाट जोखिम मोलेर सेवा प्रवाह गरिरहेका छन्।

जिल्ला प्रहरी कार्यालयका प्रमुख डिएसपी पुरुषोत्तमप्रसाद पाण्डेका अनुसार भूकम्पले क्षतिग्रस्त जिल्ला प्रहरी कार्यालयसहित ग्रामीण बस्तीमा रहेका भूकम्पबाट भएको क्षतिग्रस्त युनिटको विवरण गृह मन्त्रालय तथा सम्बन्धित निकायमा पेस गरेको बताउनुभयो। २०३४ सालमा ढुङ्गा, माटोले निर्माण गरेको कच्ची भवन भूकम्पले चर्किएर बस्न नमिल्ने भएपछि सेवा प्रवाहमा समस्या भएको छ। तीनतले कच्ची टिनको छानाको भवनमा प्रशासनिक सेवा, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, हिरासत थुनुवा कक्ष, सञ्चार सेवा प्रवाह गरिएको थियो। भवन बस्न नमिल्ने भएपछि त्रिपाल र टहरामुनिबाट पनि सेवा प्रवाह गर्न कठिन भएको डिएसपी पाण्डेको भनाइ छ।

जिल्ला प्रहरी कार्यालयको प्रशासनिक भवन क्षतिग्रस्त भएपछि जनताले पाउने सेवा सहज रूपमा दिन नसकेको उहाँले बताउनुभयो। दातृ निकायका प्रतिनिधिसँग भवन बनाइदिन आग्रह गरेपछि पुनर्निर्माण गर्ने तयारी भइरहेको उहाँले जनाउनुभयो। अहिले जीर्ण भवन भत्काउन लागिएको छ। युनोपिओस दातृ निकायको सहयोगमा प्रशासनिक भवन निर्माणका लागि सोही भवन भत्काएर पुनर्निर्माणको काम अघि बढाइएको छ।

# 'सरकारहरू पिपलपाते भए'



**युग संवाददाता**
**सुर्खेत, १० चैत ।**

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र कर्णाली प्रदेश संसदीय दलका नेता एवं निवर्तमान मुख्यमन्त्री राजकुमार शर्माले केन्द्रदेखि प्रदेशका सरकारहरू पिपलपाते भएको टिप्पणी गरेका छन्। आइतबार वीरेन्द्रनगरमा आयोजित प्रेस सेन्टर नेपालको तेस्रो अधिवेशनमा बोल्दै उनले यस्तो बताएका हुन्।

'राजनीतिक अस्थिरता धेरै भयो, सरकारहरू जता हावा चल्यो उतै ढल्कने पिपलपाते भए,' उनले भने, 'यसले धेरै समस्या निम्त्याएको छ।' अहिलेको आवश्यकता आर्थिक सम्पन्नता भएको बताउँदै शर्माले आर्थिक सम्पन्नता र समाज वर्गविहीन नबनेसम्म सबै पार्टी तथा सङ्गठनको आवश्यकता भइरहने बताए। त्यो कुरा पुरा भएमात्र पार्टी र सङ्गठनको आवश्यकता समाप्त हुने उनले बताए। आवश्यक भएसम्म सुदृढ तरिकाले जनताको पक्षमा काम गर्नुपर्ने पनि शर्माको भनाइ छ। दिगो विकासको लक्ष्यअनुसार काम नहुँदा कर्णालीसहित देश नै पछि परेको पनि उनले बताए। 'कर्णाली समृद्धिको अभियानमा लागौँ भन्दा कुरा मिलिरहेको छैन,' उनले भने।

# बिषादी परीक्षण प्रयोगशाला प्रयोगविहीन



**युग संवाददाता**
**सुर्खेत, १० चैत ।**

कर्णाली प्रदेशमा भित्रिने तरकारी तथा फलफूलमा विषादीको मात्रा जाँच गर्न भेरीगङ्गा नगरपालिका-४ हर्रेमा स्थापना भएको विषादी प्रयोगशाला अलपत्र परेको छ। प्रदेश सरकारले आवश्यक बजेट र जनशक्तिको व्यवस्थापन नगर्दा प्रयोगशाला अलपत्र परेको हो।

कर्णाली प्रदेश सरकारले छ वर्षअघि ७० लाख लागतमा विषादी प्रयोगशाला स्थापनाका लागि भवन निर्माण गरेको थियो। कर्मचारी र प्रयोगशालामा आवश्यक उपकरण खरिद गर्ने पर्याप्त बजेट नभएपछि भवन सम्पन्न भए पनि सञ्चालनमा आउन नसकेको प्रयोगशालाका प्रमुख वरिष्ठ कृषि अर्थविज्ञ चित्रबहादुर रोकायले बताए।

प्रदेशको एकीकृत कृषि प्रयोगशालाका अनुसार भवन निर्माण भए पनि बजेट तथा जनशक्ति नहुँदा सञ्चालन हुन नसकेको हो। रोकायले प्रयोगशाला निर्माण भए पनि आवश्यक उपकरण खरिद र जनशक्ति नहुँदा सञ्चालन हुन नसकेको बताउँदै सरोकार भएका निकायसँग बजेट र जनशक्ति व्यवस्थापनका लागि आग्रह गरिएको जानकारी दिए। उनका अनुसार हालसम्म पनि व्यवस्थापन हुन नसक्दा सञ्चालनमा समस्या भइरहेको हो।

मन्त्रालयले हर्रे र सल्यान कपुरकोटको प्रयोगशाला सञ्चालन गर्न २९ लाख मात्र विनियोजन गरेको जनाउँदै प्रयोगशालाका प्रमुख रोकायले उक्त रकम कम हुने भएकाले ६५ लाख बजेट माग गरी मन्त्रालयमा पठाइएको उल्लेख गरे। "आवश्यक पर्ने उपकरण, सामग्री खरिद गर्न बजेट पुग्दैन। सुर्खेत र कपुरकोटको प्रयोगशालाका लागि छ-छ जना कर्मचारी माग गरेका छौँ। तर, अहिलेसम्म उपलब्ध हुनसकेको छैन", उनले भने।

कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रयोगशाला सञ्चालनका लागि रकम कम भएकाले रकमान्तर गर्ने तयारी भइरहेको मन्त्रालयका प्रवक्ता कृषि प्रसार अधिकृत धनबहादुर कठायतले जानकारी दिए।

# हेटौँडा कपडा उद्योग सञ्चालन हुनेमा स्थानीय आशावादी



**युग संवाददाता**
**बागमती, १० चैत ।**

लामो समयदेखि बन्द रहेको हेटौँडा कपडा उद्योग पुनः सञ्चालन गर्ने योजना तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले संसद्मा सुनाउँदा हेटौँडाका सरोज बिडारी हर्षित भएका थिए। तर घोषणा गरिएको तीन वर्ष बित्न लाग्दा पनि उद्योग सञ्चालनको कुनै तयारी नहुँदा उनी खिन्न छन्।

"अर्थमन्त्री शर्माले आर्थिक वर्ष २०७९/८० को बजेट प्रस्तुत गर्ने क्रममा २०५६ सालदेखि बन्द हेटौँडा कपडा उद्योग सञ्चालनमा ल्याइने घोषणा गर्नुभयो", बिडारीले भने, "त्यो सुनेर हामी उत्साहित भयौँ तर त्यो घोषणामा नै सीमित हुँदा हामी निराश छौँ।"

मकवानपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष प्रमोदराज रानाभाटका अनुसार जीर्ण भइसकेको कपडा उद्योग सञ्चालन गर्ने कुरा राम्रो कुरा हो तर लगानी धेरै चाहिन्छ। छिमेकी मुलुकसँग प्रतिस्पर्धा गर्न चुनौतीपूर्ण छ, सरकार आफैँले सञ्चालन गरे सहज नयाँ मेसिन पनि चाहिन्छन्।

हेटौँडा औद्योगिक क्षेत्रको एक सय ६६ रोपनीमा फैलिएको उद्योग सञ्चालनमा रहँदा वार्षिक दुई हजार तीन सय टन धाँगो र तीन सिफ्टमा गरी एक करोड १० लाख मिटर कपडा उत्पादन हुने गरेको थियो। चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा २०३२ साल साउन १६ गते स्थापना भएको उक्त उद्योग व्यवस्थापकीय कमजोरी, नियमित विद्युत् आपूर्तिमा कठिनाइ, उत्पादन लागत बढ्नु, अनावश्यक जनशक्ति भर्ना, प्रविधि आधुनिकीकरण नहुनुलगायत कारण २०५६ साल फागुन १ गतेदेखि पूर्ण रूपमा बन्द छ। बन्द उद्योगका मेसिन खियाले खाएका छन् उद्योगका भवनमा सशस्त्र प्रहरीले बलले कार्यालय सञ्चालन गरेको छ।

उद्योगका अन्य भवन, आवासगृहको छानाबाट पानी चुहिने, फल्स सिलिङ काम नलाग्ने र भवनको पर्खालसमेत चिरा परेको हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका सूचना अधिकारी रमेशराज नेपाल बताए। उनका अनुसार उद्योगको पेरिमिटर पर्खाल मर्मतसम्भार गर्नुपर्ने अवस्थामा छ भने इलेक्ट्रिफिकेसनलगायत प्लम्बिङ तथा स्टिम पाइप लाइन जीर्ण भइसकेको छ। जीर्ण कपडा उद्योग सञ्चालनका लागि धेरैपटक सरकारका तर्फबाट कार्यदल बने पनि सञ्चालनको आधार अझै तयार भएको छैन।

वि.सं. २०६५ मा बाबुराम भट्टराई अर्थमन्त्री हुँदा नेपाली सेना र निजामती कर्मचारीको पोशाक उत्पादनका लागि उद्योग पुनः सञ्चालन गर्ने निर्णय भएको थियो। त्यसका लागि सरकारले बजेट छुट्याए पनि उद्योग सञ्चालन हुन सकेन। त्यसपछि गठन भएका सरकारले उद्योग सञ्चालनका लागि बजेट छुट्याउँदै आए पनि उद्योगले पुनर्जीवन पाउन नसकेका उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय उपाध्यक्ष वासु खतिवडाले बताए।

नेपाली सेनाले उद्योग सञ्चालनको चासो देखाएको भए पनि सरकारले निर्णय गरेको छैन। "विसं २०७५ असारमा उद्योग सञ्चालनबारे सेनाले अध्ययन गरेको सुनेको थिएँ", उनले भने, "तत्कालीन उद्योग तथा आपूर्तिमन्त्री मातृका यादवको पहलमा कार्यदल गठन गरी उद्योग सञ्चालनको मोडालिटी, कानुनी र भौतिक संरचनालगायत विषयमा अध्ययन पनि भएको थियो, तर त्यो पनि त्यत्तिकै हरायो।" पटक पटक बनेका सरकारले उद्योग सञ्चालनको कुरा चलाउँदै आए पनि हालसम्म परिणाम प्राप्त भएको छैन।"

गत २०८० माघमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि बन्द हेटौँडा कपडा उद्योग सञ्चालनका लागि तयारी भइरहेको घोषणा गरेका थिए। सरकारले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा उद्योग सञ्चालन गर्ने योजना समावेश गरेपछि प्रधानमन्त्री दाहाललाई नेपाली सेनाले प्रतिवेदन बुझाएको थियो। उनी नेतृत्वको सरकार फेरिएपछि उद्योग पुनः सञ्चालनको योजना कागतमा मात्र सीमित भएको छ। उद्योग सञ्चालन भएमा स्थानीयले रोजगारी पाउने र मुलुकको अर्थतन्त्रमा पनि टेवा पुग्ने उपाध्यक्ष खतिवडा बताए।

## Mugum Karmarong Rural Municipality
## Office of the Rural Municipal Executive
Pulu, Mugu

## Invitation for Bids

**Second Date of Publication: - 2081/12/11 BS, 2025/03/25 AD**

1. The Mugum Karmarong Rural Municipality, Pulu Mugu/Local Infrastructure Support Program (LISP) invites sealed Quotation from eligible bidders for the procurement of Supply and Delivery of Goods to project site under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations..

| S N | Contract No/ Bid No | Description of Works | Total cost of project exclusive Vat and Contengency NRs | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Last date of submission of bids | Bid opening date | Rem. |
|---|---|---|---|---|---|---|---|---|
| 2. | MKRM/SQ/ GOODS/ 05/2081-082 | Supply and Delivery of Construction Material of Kimri Water Supply Project (LISP) | 1,370,612.00 /- | *40000/-* | 1000.00/- | *2025-04-07 Time 12:00 PM* | *2025-04-07 Time 13:00 PM* | |
| 2. | MKRM/SQ/ GOODS/ 06/2081-082 | Supply and Delivery of Construction Material of Karti Gyak Water Supply Project (LISP) | 1,553,490.67 /- | *45000/-* | 1000.00/- | *2025-04-07 Time 12:00 PM* | *2025-04-07 Time 13:00 PM* | |

2. To deposit Bid Document Price Use revenue account No. 4550100301010003, Account name MUGUMKARMARONG GA.PA. (GA-1-1)-AANTA,
3. For More Information Please visit PPMO website www.bolpatra.gov.np/egp or Contact +9779858322737, +9779844888359, +9779868310399 and +9779848313094

**Chief Administrative Officer**

## होटल विक्रि तथा घर भाडामा

१० औं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुने वीरेन्द्रनगर-८, सुर्खेतको कर्णाली रंगशाला गेटको अगाडी चालु अवस्थामा रहेको मनकामना होटल रहेको घर भाडामा लगाउनुपर्ने भएकोले इच्छुक व्यक्तिले तत्काल सम्पर्क राख्नुहोला। साथै होटल सञ्चालनका लागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरु समेत भएकाले त्यसको विक्रिका लागि समेत यो सूचना प्रकाशित गरिएको छ।

### पुरानो होटल मनकामना तथा भान्सा घर
**वीरेन्द्रनगर-०८, (रंगशाला गेटको अगाडी)**
**सम्पर्क नं. ९८६८२२६८७९, ९८६४७४४४६६**

## सुर्खेत मोडेल एकेडेमी
**वीरेन्द्रनगर-८, सुर्खेत**
**(स्थापना: २०६५)**

## कक्षा ६ देखि ९ सम्म पूर्ण छात्रवृत्ति सम्बन्धी सूचना

शैक्षिक सत्र २०८२ का लागि यस विद्यालयद्धारा प्रदान गरिने जेहेन्दार निशुल्क छात्रवृत्तिका लागि तपसिल बमोजिमको दरखास्त आव्हान गरिन्छ। दरखास्तको फारम विद्यालयको कार्यालयवाट निःशुल्क प्राप्त गर्न सकिने छ, साथै Surkhet Model Academy को फेसबुक पेजमा रहेको google link वाट समेत दरखास्त फारम भर्न सकिने छ।

**तपसिल**

| क्र.सं. | विवरण | मिति |
|---|---|---|
| १. | दरखास्त फारम भर्ने अन्तिम मिति | २०८१ चैत्र २३ गते सम्म |
| २. | लिखित परीक्षा | २०८१ चैत्र २४ गते विहान ११:०० वजे देखि १:०० बजे सम्म |
| ३. | मौखिक परीक्षा | २०८१ साल चैत्र २७ गते विहान १०:०० बजे देखि |
| ४. | नतिजा प्रकाशन | २०८१ साल चैत्र २८ गते |
| ५. | परीक्षा हुने स्थान | सुर्खेत मोडेल एकेडेमी, वीरेन्द्रनगर-८, सुर्खेत |

**नोट : छात्रवृत्ति सम्बन्धी विवरण**

| कक्षा | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | १० जना | १० जना | १० जना | १० जना | ४० जना |

**परीक्षाको पाठ्यक्रम**

शैक्षिक सत्र २०८१ मा अध्ययन गरि सकेको कक्षाको पाठ्यक्रम अनुसार नेपाली, अंग्रेजी, गणित र विज्ञान विषयबाट प्रश्नहरु सोधिने छ।

*(नोट : शिक्षा क्षेत्रमा कार्यरत विज्ञहरुबाट छात्रवृत्ति छनोटका लागि स्वतन्त्र र निष्पक्ष समिति गठन गरिएको र सम्पूर्ण छनोट अधिकार उक्त समितिमा रहेको जानकारी गराइन्छ।)*

विस्तृत जानकारीका लागि निम्न नम्बरहरुमा सम्पर्क गर्न सकिने छ। ९८४८१२०१४८, ९८६०९१७६७४, ९८५१०४१३३३, ०८३-५२०४४२

## धितोमा रहेको चलअचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारे दोस्रो पटकको सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति:२०८१/१२/११)**

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता, कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५(पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८१।०६।२४ मा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखि दिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल:**
**धितो लिलाम बिक्री हुने मिति:** २०८१ साल चैत्र महिना २६ गते।
**सम्बन्धित तथा लिलाम हुने कार्यालय/स्थान:** कृषि विकास बैंक लि.,शाखा कार्यालय, दैलेख

**ग्राहकको विवरण**

१. **ग्राहकको नाम:** रेशमबहादुर कामी, ना.प्र.नं. १५४६, **जारी मिति:** २०३८/११/१३, **जारी भएको कार्यालय:** जिल्ला प्रशासन कार्यालय दैलेख, **बाबुको नाम:**भक्ते कामी, **बाजेको नाम:** मने कामी

**लिलामहुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जगगाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग मि.मा) |
|---|---|---|---|---|---|---|
| उद्योग संचालन | कालीकामी | दैलेख | बेलासपुर | ०८ | ३४५,४९६ | ६०, ९० |
| | भक्ते कामी | दैलेख | सरस्वती | ०१ | १५८ | १६२५ |
| | | | | ०५ | ५३४, ५३५, ५३६ | १२३०, ७९०, ३७५७.५ |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी गर्ने जिल्ला/मिति/कार्यालय | बाबु/पतिको नाम | बाजे/ससुराको नाम |
|---|---|---|---|---|---|
| कालीकामी | खरिगैरा-०२, दैलेख | १०९५५४/३३ | दैलेख/२०६०/१२/२९/जिल्ला प्रशासन कार्यालय | भिम बहादुर कामी/ पदम कामी | डिले कामी |
| भक्ते कामी | सरस्वती-०५, दैलेख | १५४३ | दैलेख/२०४४/०९/३०/जिल्ला प्रशासन कार्यालय | मने कामी | गम्भीरे कामी |

२. **ग्राहकको नाम:** तपेन्द्र बहादुर थापा मगर, ना.प्र.नं. ९८९२१/२२४१, **जारी मिति:** २०५८/०२/०९, **जारी भएको कार्यालय:** जिल्ला प्रशासन कार्यालय दैलेख, **बाबुको नाम:** पदम बहादुर थापा मगर, **बाजेको नाम:** भक्तबहादुर थापा

**लिलामहुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जगगाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग मि.मा) |
|---|---|---|---|---|---|---|
| उद्योग संचालन | पदम बहादुर थापा मगर | दैलेख | सरस्वती | ०५ | ४९८,४९९ | ३००, १८३० |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी गर्ने जिल्ला/मिति/कार्यालय | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| पदम बहादुर थापा मगर | सरस्वती-०५, दैलेख | ८६४ | दैलेख/२०४३/०१/१४/जिल्ला प्रशासन कार्यालय | भक्तबहादुर थापा | रम्बविर थापा |

**शर्तहरु :**
१) धितो लिलाम डाँक बढाबढ हुने तोकीएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा ३(तीन) जनाभन्दा कम व्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा७(सात) दिनभित्रबाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतःजफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकमफिर्ता मागगर्न र सोमा ब्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चलअचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वानदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

## कृषि विकास बैंक लि.
## कर्जा असुली तथा संकलन विभाग
**मुख्य कार्यालय, काठमाडौं।**

